नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मिति :- २०८२/०५/०४

## NBMS Specialty तहका लागि स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भर्ने सम्बन्धी सूचना

चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत आर्थिक वर्ष (शैक्षिक सत्र) २०८२/०८३ मा स्पेसियालिटी (MD/MS तह सरह) तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी तथा निजी अस्पताल तथा स्वास्थ्य संस्था (विश्वविद्यालय, प्रतिष्ठान तथा मेडिकल कलेज वाहेक) हरूले मिति २०८२ भदौ ५ गते विहान १०:०० देखि ऐ भदौ १९ गते विहीवार अपरान्ह ५:०० बजेभित्र तपसिल बमोजिम NBMS Specialty तहको स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भरी पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. आयोगको वेबसाइट www.mec.gov.np मा लगइन गरी NBMS Self-Appraisal को सूचनासँगै रहेको Word file डाउनलोड गरी स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भर्न सकिनेछ ।

२. स्वमूल्याङ्कन (Self-Appraisal) फाराममा रहेका सबै यथार्थ विवरणहरू स्पष्ट रूपमा भर्नुपर्नेछ ।

३. स्वमूल्याङ्कन (Self-Appraisal) फाराममा रहेका सबै विवरणहरू भरी इमेल sthadb36@gmail.com वा aktdahal@gmail.com मा निर्धारित समयावधि भित्रै पठाउनुपर्नेछ ।

४. निर्धारित समयावधिभित्र स्वमूल्याङ्कन (Self-Appraisal) फाराम नभरेका संस्थाहरूमा स्थलगत अनुगमन एवं सिट निर्धारण हुने छैन् ।

५. विश्वविद्यालय, प्रतिष्ठान वा विश्वविद्यालयबाट सम्वन्धन प्राप्त शिक्षण संस्थामा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुने छैनन् ।

६. नेसनल वोर्ड अफ मेडिकल स्पेसियिलिटिजका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पूर्वाधार, शिक्षक (फ्याकल्टी) लगायतका प्रावधानहरू नेसनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम हुनुपर्नेछ । उक्त कार्यविधि लगायत थप जानकारी आवश्यक भएमा आयोगको वेबसाइट www.mec.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

२०८२/०५/०४

धनवहादुर श्रेष्ठ

उपसचिव

फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np